annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २९३ पृष्ठ ८ | काठमाडौं, बुधबार १४ फागुन २०८१ | फाल्गुन कृष्णपक्ष त्रयोदशी, नेपाल संवत् ११४५ | WEDNESDAY, FEBRUARY 26, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारी छात्रवृत्ति कोटामा आवेदन नपुगेको विषयमा मंगलबार फेसबुकमा लेखेको स्टाटस।

K P Sharma Oli
8h ·

जानकारीको लागि -
शिक्षा मन्त्रालयबाट विभिन्न विषयको छात्रवृत्तिका लागि आवेदन खुलाइएकोमा आवश्यक संख्या नपुगेका कारण अन्डर ग्रयाजुएट एमबीबीएस १ जना, पोस्ट ग्रयाजुएट इन्जिनियरिङ्मा ७ जना, एग्रीकल्चरमा ३ जना, पीएचडी इन्जिनियरिङ्मा १ जना, भेटेरिनरीमा १ जना, आइटीमा ४ जना, मेडिकल साइन्समा २ जना र कन्जरभेसन १ जनाको सिट अझै खाली रहेको सूचना पाएको छु। खाली रहेका सिटमा छात्रवृत्तिको लागि छिटो भन्दा छिटो (एकदुई दिनभित्रै) आवेदन दिनुहोला। आवेदन पठाउने ठेगाना यहाँ राखिएको छ।
secretariat.education@moest.gov.np

7.3K · 911 comments · 461 shares




# छात्रवृत्ति लिइदिनेसम्म विद्यार्थी भएनन्


पछिल्लो समय १२ कक्षा सक्नेबित्तिकै विदेश जानेको लहर चलेको छ। नेपालमा भविष्य छैन भन्ने भाष्यसहित विद्यार्थी धमाधम विदेश जाने प्रवृत्ति बढेको हो। यसले गर्दा नेपालका विश्वविद्यालय, कलेजले विद्यार्थी आकर्षित गर्न सकेको देखिन्न। नेपाल सरकारको छात्रवृत्ति कोटामा पढ्ने विद्यार्थीसमेत पाइन छाडेका छन्।

**सुरेन्द्र काफ्ले/ममता थापा** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २

## रहेनन् भाषाविद् गौतम



**काठमाडौं** (अन्नपूर्ण) : चर्चित भाषाविद्, लेखक चूडामणि गौतमको ८१ वर्षको उमेरमा सोमबार साँझ निधन भएको छ। उनी करिब दुई साताअघिदेखि ललितपुरस्थित मेडिसिटी अस्पतालमा उपचाररत थिए। फोक्सोमा पानी जमेका कारण उपचारका लागि अस्पताल भर्ना गरिएकोमा उपचारको क्रममा उनको निधन भएको हो।

तेह्रथुमको खाम्लालुङ्मा जन्मिएका गौतमले लेखेका अंग्रेजी ग्रामर निकै लोकप्रिय मानिन्छ। 'ग्रामर गुरु'ले चर्चित उनले उक्त पुस्तक २०३७ सालमा प्रकाशन गरेका हुन्। उनको पछिल्लो कृति बृहत्तर नेपाली शब्दकोश हो। उनका अन्य कृतिहरूमा गौतम एड्भान्स्ड लर्नर्स डिक्सनरी, नेपाली इङ्लस डिक्सनरी, विवादित वर्णविन्यासको नेपाली शब्दकोश, नेपाली शुद्धाशुद्धि ज्ञानलगायतका एक सयभन्दा बढी छन्।

## प्रेम सम्बन्धका कारण झडप, २० घाइते



**हरि शर्मा** | *परासी*

प्रेम सम्बन्धको विषयलाई लिएर उत्पन्न विवादमा झडप हुँदा नवलपरासीमा २० जना घाइते भएका छन्। एकको अवस्था गम्भीर छ। आक्रोशित स्थानीयले प्रहरीको गाडीसमेत जलाइदिएका छन्। आगजनीबाट एक कबाड गोदामसमेत ध्वस्त भएको छ।

जिल्लाको पाल्हीनन्दन गाउँपालिका– ३ बेलासपुरमा मंगलबार प्रेम सम्बन्ध राखेका केटा र केटी पक्षबीच झडप भएको हो। झडपका क्रममा केटा पक्षको समूहले केटी पक्षका आफन्तको कबाड गोदाममा समेत आगजनी गरी ध्वस्त बनाएका छन्। आगजनीबाट केटी पक्षका आफन्तको घरमा समेत क्षति पुगेको छ। केटा र केटी पक्षको घर सोही वडाको छोट्की कुस्मा गाउँमा छ।

» बाँकी पृष्ठ ६

## पाकिस्तानको सबैभन्दा ठूलो र महँगो विमानस्थल

# जहाँ न यात्रु छन्, न विमान

**एपी** | *ग्वादर*

एउटा विशाल विमानस्थल तर न यात्रु छन् न विमान। पाकिस्तानको नयाँ र सबैभन्दा महँगो 'न्यु ग्वादर इन्टरनेसनल एयरपोर्ट' अझै किन सञ्चालनमा आएन ? विषय गम्भीर र रहस्यमय छ। चीन सरकारको २४० मिलियन डलर पूर्ण सहयोगमा बनेको विमानस्थलको गत अक्टोबर महिनामा निर्माण सम्पन्न भएको थियो।

तटीय सहर ग्वादरमा अवस्थित विमानस्थल यसको वरपर रहेको गरिब र अशान्त दक्षिणपश्चिमी प्रान्त बलुचिस्तानभन्दा ठ्याक्कै उल्टो छ। विगत एक दशकको अवधिमा चीनले आफ्नो पश्चिमी सिनजियाङ प्रान्तलाई अरब सागरसँग जोड्ने अर्बौं डलरको परियोजनाको रूपमा बलुचिस्तान र ग्वादरमा लगानी गरेको हो। यसलाई चीन-पाकिस्तान आर्थिक करिडोर अर्थात् सीपीईसी पनि भनिन्छ। अधिकारीहरूले रूपान्तरणकारी परियोजनाको रूपमा यसको प्रशंसा गरेका छन् तर ग्वादरमा परिवर्तनको कुनै संकेत देखिन्न। सहर राष्ट्रिय ग्रिडमा जोडिएको छैन। बिजुली छिमेकी देश इरान वा सौर्य प्यानलबाट आउँछ र पर्याप्त सफा पानीसमेत छैन।

चार लाख यात्रु क्षमता भएको विमानस्थल सहरका ९० हजार मानिसलाई प्राथमिकतामा राखेर निर्माण गरिएको भने होइन। 'यो विमानस्थल पाकिस्तान वा ग्वादरका लागि होइन', पाकिस्तान-चीन सम्बन्धमा विशेषज्ञ अन्तर्राष्ट्रिय सम्बन्धविज्ञ अजिम खालिदले भने, 'यो चीनका लागि हो, ता कि उनीहरूले आफ्ना नागरिकलाई ग्वादर र बलुचिस्तानमा सुरक्षित पहुँच दिन सकून्।'



**आतंककारी र सेनाबीच फसेको**

बलुचिस्तानमा दशकौंदेखि चलिरहेको विद्रोहलाई सीपीईसीले उत्प्रेरित गरेको छ। राज्यद्वारा शोषित भएको भन्दै पृथकतावादीहरू स्वतन्त्रताका लागि लडिरहेका छन्। उनीहरूले प्रान्त र अन्यत्र रहेका पाकिस्तानी सेना र चिनियाँ कामदार दुवैलाई लक्षित गरेका छन्। पाकिस्तानको जातीय बलुच अल्पसंख्यक सदस्यहरूले सरकारले आफूहरूलाई विभेद गरेको र देशका अन्यत्र स्थानमा उपलब्ध अवसरहरूबाट पनि वञ्चित गराइएको बताएका छन्। सरकारले उक्त आरोप अस्वीकार गरेको छ।

चीनको लगानीको रक्षा गर्न तत्पर पाकिस्तानले यस्ता विभिन्न असहमतिलाई सम्बोधन गर्न ग्वादरमा आफ्नो सैन्य उपस्थिति बढाएको छ। यो सहर चेकपोइन्ट, काँडेतार, सेना, ब्यारिकेड र वाच टावरहरूले भरिएको छ। चिनियाँ कामदारहरू र पाकिस्तानी विशिष्ट व्यक्तिहरूलाई सुरक्षित आवागमनका लागि त्यहाँका सडकहरू साताको धेरै दिन कुनै पनि समयमा बन्द हुने गरेका छन्। ग्वादरमा आउने पत्रकारहरूको समेत गुप्तचर अधिकारीहरूले निगरानी गर्छन्।

धेरै स्थानीय बासिन्दाहरू त्रसित छन्। 'हामी कहाँ जाँदै छौं, के गर्दै छौं र हाम्रो नाम के हो भनेर कसैले सोध्दैनथ्यो' ग्वादरका ७६ वर्षीय खुदा बक्स हासिमले भने, 'हामी पहाडी वा ग्रामीण क्षेत्रमा रातभर पिकनिकमा रमाउँथ्यौं।' 'हामीलाई हाम्रो पहिचान प्रमाणित गर्न भनिएको छ, हामी को हौं, कहाँबाट आएका हौं', उनले थपे, 'हामी बासिन्दा हौं। हामीलाई सोध्नेहरूले आफू को हो भनेर पहिचान गर्नुपर्छ।'

हासिमले ग्वादर पाकिस्तानको नभई ओमानको भाग रहेका समयमा मुम्बई जाने यात्रुवाहक जहाजहरूका लागि जहाज बिसाउने ठाउँ रहेको बताए। त्यतिबेलाको स्मरण गर्दै उनले भने, 'जाडोको घाम जस्तै न्यानो। मानिस भोकै सुत्दैनथे र सजिलै काम पाउँथे। खानका लागि सधैं केही न केही हुन्थ्यो। पिउने पानीको अभाव थिएन।'

तर खडेरी र अनियन्त्रित अतिक्रमणका कारण ग्वादरको पानी सुकेको छ। काम पनि त्यस्तै भएको छ। सरकारले सीपीईसीले करिब दुई हजार स्थानीय रोजगारी सिर्जना गरेको बताएको छ तर 'स्थानीय' भनेर उनीहरूले कसलाई बुझेका छन् भन्ने स्पष्ट छैन। स्थानीय भनेको बलुच बासिन्दाहरू वा देशका अन्य ठाउँका पाकिस्तानीहरू, यस विषयमा अधिकारीहरूले स्पष्ट पारेनन्।

» बाँकी पृष्ठ ६




बुधबारको अनुमानित अधिकतम र न्यूनतम तापक्रम (सेल्सियसमा)

| | | |
|---|---|---|
| धनगढी | २९° | ११° |
| जुम्ला | १८° | -३° |
| पोखरा | २४° | ९° |
| भैरहवा | २९° | १२° |
| काठमाडौं | २२° | ७° |
| जनकपुर | २८° | १४° |
| विराटनगर | २८° | १६° |

*स्रोत: जल तथा मौसम विज्ञान विभाग*

# चराचुरुंगीलाई खेल्न बुलबुलेमा अब नयाँ ताल

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

चराचुरुंगीलाई खेल्न नयाँ ताल बन्दैछ भन्ने सुन्दा अचम्म लाग्न सक्छ। सुर्खेतको प्रमुख पर्यटकीयस्थल बुलबुलेमा विशेषगरी चराचुरुंगीकै लागि अर्को नयाँ ताल निर्माण गरिने भएको छ। चरा र पानी संरक्षणको लागि भन्दै वीरेन्द्रनगर गुरुयोजना कार्यान्वयनअन्तर्गत नयाँ ताल निर्माण गर्न लागिएको हो। यहाँ डुंगा चलाउन पाइने छैन। ताल शान्त वातावरणमा चराचुरुंगीलाई खेल्न र मनोरम दृश्यका लागि मात्र बनाइनेछ।

मंगलबार कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले नयाँ ताल निर्माण कार्यको शिलान्यास गरे। प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गतको भू तथा जलाधार व्यवस्थापन कार्यालयको १ करोड १२ लाख ३६ हजार ८ सय ६३ रुपैयाँ लगानीमा नयाँ ताल निर्माण गर्न लागिएको जनाएको छ। २०८२ असार १० गतेभित्र निर्माणकार्य सम्पन्न गर्ने गरी प्रवीण निर्माण सेवाले नयाँ ताल निर्माणको जिम्मा लिएको छ।



सुर्खेतको बुलबुलेमा नयाँ ताल निर्माण कार्यको शिलान्यास गर्दै कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल। ● बिस्नप्रसाद न्यौपाने

पुरानो तालसँगै जोड्ने गरी उक्त ताल निर्माण गर्न थालिएको भू तथा जलाधार व्यवस्थापन कार्यालय प्रमुख शिखर चपाईंले बताए। उनका अनुसार पुरानो तालमा डुंगा चलाउने गरिएको भए पनि नयाँ बन्ने तालमा डुंगा चलाउन पाइने छैन। उनले भने, 'ताल शान्त वातावरणमा चराचुरुंगीलाई खेल्न र मनोरम दृश्यावलोकनका लागि मात्र प्रयोग गर्न दिइनेछ।'

'बुलबुलेमा विभिन्न प्रजातिका चराहरू आउँछन्, मान्छेको आवातजावतका कारण चराहरूले शान्तसँग खेल्न पाइरहेका छैनन्,' चपाईंले भने, 'जाडो याममा साइबेरियन चराहरू पनि आउँछन्। चराहरूको बासस्थान पनि हुनेछ।' ताल ४ हजार २ मिटर क्षेत्रफलमा बनाइनेछ। ताल निर्माणको शिलान्यास गर्दै मुख्यमन्त्री यामलाल कँडेलले पुरस्कार पाउने गरी काम गर्न निर्माण कम्पनीलाई निर्देशन दिए। उनले भने, 'कामको जिम्मा लिएपछि समयमै गर्नुहोला, भुक्तानीका लागि कुनै समस्या छैन। उद्घाटन तामझामका साथ गर्ने काम समयमा नहुने भएपछि राम्रो हुँदैन।'

कार्यक्रममा वीरेन्द्रनगर नगरपालिका प्रमुख मोहनमाया ढकालले बुलबुलेको संरक्षण र सुन्दरताका लागि नयाँ ताल निर्माण योजना अगाडि बढाइएको बताइन्। उनले भनिन्, 'विगतको भन्दा बुलबुले अहिले मानिसको भ्रमणको केन्द्र बनेको छ। विगतमा ताल पनि बेतालको अवस्था थियो। अहिले तालको संरक्षण गरी त्यहाँ डुंगा चलाइएको छ। यसले तालप्रति पर्यटकको आकर्षण बढाएको छ। नयाँ ताल निर्माण गरेर बुलबुलेको थप शृंगारका कामहरू गरिएपछि कर्णालीको मुख्य पर्यटकीय गन्तव्य बन्नेछ।'